# माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षणप्रतिको धारणा र अभ्यास

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा
गर्नको लागि प्रस्तुत
शोधपत्र


शोधकर्ता
अशोक कुमार झा
परीक्षा रोल नं.: २८०००३/२०६६
त्रि.वि. दर्ता नं.: ४८५८२-९५



त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग
कीर्तिपुर, काठमाडौं, नेपाल


२०६८

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, कीर्तिपुर, काठमाडौं, पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि **श्री अशोक कुमार झा**ले तयार गर्नु भएको शोधपत्र **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षणप्रतिको धारणा र अभ्यास** शीर्षक मेरो निर्देशनमा रही शोधपत्र तयार गर्नु भएको छ । उहाँको यस शोधपत्र लेखन प्रति म पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६८।०४।२७

......................................

उप-प्रा. किरणराम रञ्जितकार
शोध निर्देशक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह, दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण मूल विषय अन्तर्गत शोधपत्र (ED. 598) को आंशिक आवश्यकता पुरा गर्नका लागि **श्री अशोक कुमार झा** ले **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षणप्रतिको धारणा र अभ्यास** शोध शीर्षकमा शोधपत्र तयार गरी आवश्यक मूल्यांकन गर्न स्वीकृतिको लागि सिफारिस साथ यस समितिबाट मूल्यांकन गरी स्वीकृति गरिएको छ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. **प्राध्यापक स्वयंप्रकाश ज.ब.रा.**<br>**विभागिय प्रमुख** | ................................... |
| २. **उप-प्राध्यापक किरणराम रञ्जितकार**<br>**शोध निर्देशक** | ................................... |
| ३. **सह-प्राध्यापक जनार्दन घिमिरे**<br>**बाह्य परिक्षक** | ................................... |

मिति : २०६८/०५/०२

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्यांकन विषय लिई अध्ययन गर्ने छात्र छात्राका लागि स्नातकोत्तर तह दोश्रो वर्षको (E.D. 598) शोधपत्रको आंशिक आवश्यकता परिपूर्ति गर्न यो मौका प्रदान गरी दिएकोमा सर्वप्रथम पाठ्यक्रम तथा मूल्यांकन विभागप्रति आभार साथ खुशी प्रकट गर्दछु ।

समय परिवर्तनशील भएको हुनाले आजको शिक्षा भोली काम नलाग्न सक्छ त्यस अनुसारको शिक्षा लिनुपर्ने देखिन्छ । अहिलेको समयमा शिक्षा नै देश विकासको आधार हो । शिक्षा गुणस्तरीय प्रदान गर्न सकेमा मात्र भोलीका लागि दक्ष जनशक्ति देशले पाउने छन् । माध्यमिक शिक्षा त उच्च शिक्षा प्राप्तिका फलामेढोका भन्ने गरिन्छ । त्यसैले समय अनुसार माध्यमिक तहको शिक्षा सुधार र परिवर्तन गर्नु देखिन्छ । शिक्षकहरुले मन लगाएर उचित शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेमा मात्र गुणस्तरीय शिक्षा विद्यार्थीले प्राप्त गर्न सक्छ । यसै क्रममा माध्यमिक तहमा अध्यापनरत शिक्षकहरुको शिक्षणप्रतिको धारणा कस्तो छ ? वहाँहरुको विषय अभ्यास कस्तो छ ? भनेर अध्ययन गरिनु आवश्यक देखिएको हुनाले मैले यस शोधपत्रको आवश्यकता परिपूर्ति गर्ने उद्देश्य बमोजिम "माध्यमिक विद्यालय तहमा शिक्षकहरुको शिक्षणप्रतिको धारणा र अभ्यास" शीर्षकमा प्राप्त भएको तथ्यांकलाई विश्लेषण गर्ने तथा समस्या पहिचान गर्नका लागि खोजमूलक ढंगबाट अनुसन्धानका लागि सहयोग पुग्नमा आशा लिएको छु ।

यस शोधपत्र प्रस्तावना लेखन कार्यदेखि शोधपत्र प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु उप-प्रा. किरणराम रञ्जितकार ज्यू प्रति हार्दिक आधार व्यक्त गर्दछु । यसैगरी शोधपत्र तयारी गर्न आवश्यक सरसल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख प्राध्यापक स्वयंप्रकाश ज.ब.रा. ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै प्रथम वर्षदेखि अहिलेसम्म पठनपाठन, खोजकार्य, समस्या समाधान समय समयमा विभिन्न सल्लाह सुझाव एवम् हौसला प्रदान गर्नुहुने गुरु आमा उप-प्राध्यापक विश्ववाला थापा, उप-प्राध्यापक यशोधरा पन्थ तथा गुरु उप-प्राध्यापक शिवराज बढू ज्यू प्रति सदैव ऋणी रहनेछु ।

अध्ययनका क्रममा विद्यालयमा पढाइ हुँदाहुँदै पनि समय उपलब्ध गराइदिनु हुने प्रधानाध्यापक, शिक्षक र विद्यार्थी प्रति कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा शुरुदेखि अन्त्यसम्म पारिवारिक सहयोग प्रदान गर्ने श्रीमती रेणु कुमारी झा तथा अदृश्य प्रेरणा प्रदान गर्ने स्नेही छोरी लाडली छोरा ध्रुव तथा कृष्ण प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । अन्त्यमा अनुसन्धान प्रतिवेदनलाई टंकन गरी साभार रुप प्रदान गर्न सहयोग गर्नुहुने साइबर प्यालेसका भोला महर्जनलाई धन्यवाद व्यक्त गर्दछु ।

मितिः २०६८, श्रावण

अशोक कुमार झा

# शोधसार

विद्या नै सर्वश्रेष्ठ ज्ञानको जननी हो । विद्याविना व्यक्ति व्यक्ति समान हुँदैन । हरेक व्यक्ति, घर, समाज एवम् देशको विकास विद्याले नै हुन्छ । विद्या आजको युगमा नभए केही हुन सक्दैन । राष्ट्रको सर्वाङ्गिण विकास गर्नमा विद्याको अग्र स्थान रहन्छ । गुणस्तरीय शिक्षा, प्रभावकारी शिक्षण सिकाइ भएको मुलुक विकसित मुलुकको स्थानमा रहेको छ । हाम्रो देशमा पनि शिक्षाको विकास र विस्तार गर्न विगत लामो समयदेखि औपचारिक, अनौपचारिक अहिले खुल्ला शिक्षाका कार्यक्रमहरु संचालन हुँदै आए पनि अपेक्षित उपलब्धी हासिल हुन सकिरहेको छैन । यसै सन्दर्भमा “माध्यमिक विद्यालय तहमा शिक्षकहरुको शिक्षणप्रतिको धारणा र अभ्यास” शीर्षकमा मैले अनुसन्धान गरेको छु ।

अध्ययनको उद्देश्यहरु निम्न लिखित थिए ।

- शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्नु,
- शिक्षकहरुको शिक्षणप्रतिको धारणा पत्ता लगाउनु,
- शिक्षकहरुको विषयगत अभ्यासको अवस्था पत्ता लगाउनु ।

प्रस्तुत अध्ययनका लागि सर्लाही जिल्लाका ११ स्रोत केन्द्र मध्ये २ वटा स्रोत केन्द्र मदनपुर र मलंगवाका ४ वटा सार्वजनिक विद्यालयलाई उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो । छनौटमा परेका चारवटै विद्यालयका गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापन गराउने १२ जना शिक्षकलाई उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो । प्रत्येक विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने ३२ जना विद्यार्थीलाई उद्देश्यमूलक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो । छनौटमा परेका प्रत्येक विद्यार्थी र शिक्षकसँग विश्वसनीयता र वैधता स्थापित भएका व्यक्तिगत विवरण फाराम, लिर्कट स्केल, शिक्षक अन्तर्वार्ता, कक्षा अवलोकन फाराम, प्रश्नावली, विद्यार्थी समूह छलफल, शिक्षक निर्देशिका, शिक्षण विधि आदि अध्ययन, स्वअध्ययन सामग्रीको प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो । यसरी संकलित सूचनाहरुलाई अध्ययनका अनुसन्धान प्रश्न अनुसार विभिन्न शीर्षकहरुमा राखी आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक दुइवटै विधिको प्रयोग गरी विश्लेषण तथा व्याख्या गरिएको थियो ।

यस अध्ययन तथा अनुसन्धानबाट प्राप्त तथ्यांकहरुका आधारमा शिक्षकहरुमा ३ जना शिक्षक माथिल्लो योग्यता प्राप्त तथा १२ जना शिक्षक तालिम प्राप्त रहेका अधिकांश शिक्षक कायस्थ जातका, ३ जना तेली जातका शिक्षक रहेको पाइयो । धर्मको आधारमा हिन्दू साथै सबै शिक्षक पुरुष रहेको पाइयो । वर्षको आधारमा ३०-४० का ६ जना, ५०-६० का ४ जना र ४०-५० का २ जना शिक्षक रहेको पाइयो । २ जना अस्थायी शिक्षक धेरै पुरानो रहेको पाइयो । गणित, विज्ञान तथा सामाजिक अध्ययन विषयका सबै शिक्षकहरुको आ-आफ्नो विषय तथा शिक्षणप्रतिको धारणा सकारात्मक पाइयो । जात, लिंग र उमेरका

आधारमा शिक्षकहरुको शिक्षणप्रतिको धारणामा कुनै अन्तर पाइएन । विद्यालयमा कक्षाकोठाको व्यवस्थापन दयनीय अवस्थामा रहेको, शिक्षकहरुले आफ्नो पाठयोजना तयार नगरी पढाएको तथा पूर्वपाठको याद गराउने गरेको पाइयो । शिक्षा नियमावली अनुसार शिक्षक निर्देशिकाको पनि प्रयोग कहिलेकाहीं भएको पाइयो । गणित विषयका शिक्षकहरुले समस्या समाधान र प्रश्नोत्तर विधि प्रयोग गर्ने, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरुले व्याख्यान र प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । कक्षा शिक्षणको क्रममा अधिकांश शिक्षकहरुले विद्यार्थीहरुको मूल्यांकन गर्दा व्यक्तिगत रुपमा प्रश्न सोध्ने गरेको पाइयो । सबै शिक्षकहरुले विद्यार्थीहरुलाई कक्षा शिक्षणको अन्त्यमा सधैं गृहकार्य दिने गरेको पाइयो तर गृहकार्य दैनिक रुपमा परीक्षण गरेको चाहि पाइएन ।

यसरी अधिकांश शिक्षकहरुमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइए तापनि विषयगत शिक्षण अध्यास क्रियालकलापको क्रममा सबै क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरुलाई सक्रिय सहभागी बनाएर प्रभावकारी शिक्षण गर्न नसकेको देखिन्छ । यो अवस्थामा शिक्षकहरुले उपयुक्त शिक्षण योजना, शिक्षण अभ्यास क्रियाकलाप गरी विभिन्न क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरुलाई सक्रिय सहभागी बनाई उद्देश्यमूलक शिक्षण सिकाइ गर्न सकिन्छ ।

विद्यालय प्रशासनले कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । पाठ्यक्रम विकासकेन्द्रले पाठ्यपुस्तक परिवर्तनसँगै शिक्षक निर्देशिकामा पनि परिवर्तन गरी सबै विद्यालयमा सर्वसुलभ रुपमा शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि नै पुऱ्याउनु पर्ने देखिन्छ । शिक्षकले व्याख्यान विधिको सट्टा विद्यार्थी केन्द्रित विधिको प्रयोगमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । शिक्षकहरुले दैनिक रुपमा विद्यार्थीको गृहकार्य परीक्षण गर्नुको साथै पृष्ठपोषण दिएर विद्यार्थीलाई हौसला प्रदान गर्नुपर्ने देखिन्छ । विद्यालयमा शिक्षक नियुक्ति गर्दा सम्बन्धित विषयमा विशिष्टिकरण गरेको शिक्षकलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । आठौं पञ्च वर्षीय योजना (२०४९) देखि महिला शिक्षिका सबै तहमा अनिवार्य राख्नु पर्ने नीतिलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । शिक्षक सेवा आयोगले प्रत्येक वर्षमा विज्ञापन खुलाइ अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने जसले गर्दा शिक्षण पेशामा लागेको शिक्षकहरुको शिक्षण प्रतिको धारणा अझ सकारात्मक हुने देखिन्छ । स्थानीय शिक्षण सामग्री बनाएर उपयोग गर्नु राम्रो हुनेछ । शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीलाई बुझ्नमा सजिलो हुन्छ ।

## विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता | III |
| शोधसार | IV |
| विषय सूची | VI |
| तालिका सूची | IX |

**परिच्छेद एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्या कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको औचित्य | ४ |
| १.५ | अध्ययनको सीमा | ५ |
| १.६ | परिभाषित शब्दावलीहरू | ५ |

**परिच्छेद दुई**

**पूर्वसाहित्यको समीक्षा**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ७ |
| | २.१.१ शिक्षक | ७ |
| | २.१.२ शिक्षण | ८ |
| | २.१.३ शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास | ८ |
| २.२ | सैद्धान्तिक अध्ययन | ९ |
| २.३ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.४ | प्रयोगात्मक साहित्यको पुनरावलोकन | १२ |
| २.५ | अवधारणात्मक ढाँचा | १४ |

**परिच्छेद तीन**

**अनुसन्धान विधि**

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानको ढाँचा | १५ |
| ३.२ | जनसंख्या र नमुना छनोट | १५ |
| | ३.२.१ जिल्ला छनोट | १६ |

३.२.२ विद्यालय छनोट १६
३.२.३ शिक्षकको छनोट १६
३.२.४ विद्यार्थी छनोट १६
३.३ तथ्याङ्कको श्रोत १६
३.३.१ प्राथमिक श्रोत १६
३.३.२ द्वितीय श्रोत १६
३.४ सूचना सङ्कलनका साधनहरू १७
३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम १७
३.४.२ लिकर्ट विधि १७
३.४.३ अन्तर्वार्ता १७
३.४.४ कक्षा अवलोकन फाराम १७
३.४.५ लक्षित समूह छलफल निर्देशिका १७
३.५ साधनको बैधता १७
३.६ तथ्याङ्कको संकलन प्रक्रिया १७
३.६.१ परिवेश निर्माण १८
३.६.२ शिक्षकको व्यक्तिगत विवरण संकलन १८
३.६.३ अन्तर्वार्ता १८
३.६.४ लिकर्ट विधिको प्रयोग १८
३.६.५ कक्षा अवलोकन १८
३.६.६ लक्षित समूह छलफल १८
३.६.७ सूचनाको वैधता निर्धारण १९
३.७ तथ्याङ्क विश्लेषण र व्याख्या १९
३.७.१ तथ्याङ्कको संगठन र रूपान्तरण १९
३.७.२ तथ्याङ्कको तालिकिकरण १९
३.७.३ तथ्याङ्कको व्याख्या १९

**परिच्छेद चार**

**सूचनाको विश्लेषण र व्याख्या**

४. विद्यालयहरुको सामान्य परिचय २०
४.१ शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्नु २१
४.१.१ विशिष्टिकरण गरेको विषय र अध्यापन गर्ने विषय २१
४.१.२ शिक्षकहरुको शैक्षिक योग्यता र तालिमको अवस्था २२
४.१.३ कार्यानुभव वर्षका आधारमा विषय शिक्षकको अवस्था २३

४.१.४ जातका आधारमा शिक्षकहरुको अवस्था २४
४.१.५ शिक्षकहरुको पेशागत आधारमा स्थायी/अस्थायीको अवस्था २४
४.१.६ शिक्षकहरुको उमेरका आधारमा अवस्था २५
४.१.७ शिक्षकहरुको लैङ्गिक अवस्था २६
४.२ शिक्षकहरुको शिक्षणप्रतिको धारणा २६
४.२.१ विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा २६
४.२.२ शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २७
४.२.३ तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २८
४.२.४ उमेरका आधारमा शिक्षकहरुको शिक्षणप्रतिको धारणा २८
४.२.५ कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा २९
४.२.६ स्थायी र अस्थायी शिक्षकहरुको शिक्षणप्रतिको धारणा २९
४.२.७ जातका आधारमा शिक्षकहरुको शिक्षणप्रतिको धारणा ३०
४.२.८ लिङ्गका आधारमा शिक्षकहरुको शिक्षणप्रतिको धारणा ३१
४.३ शिक्षकहरुको विषयगत शिक्षण अभ्यासको अवस्था ३१
४.३.१ गणित विषयको विषयगत अभ्यासको अवस्था ३१
४.३.२ विज्ञान र सामाजिक विषयको विषयगत अभ्यासको अवस्था ३८
४.३.३ शिक्षकहरुको शिक्षणप्रतिको धारणा र अभ्यास बीच सम्बन्ध ४७

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष तथा सुझावहरु**

५.१ प्राप्ति ४८
५.१.१ शिक्षकहरुको पृष्ठभूमि ४८
५.१.२ शिक्षकहरुको शिक्षणप्रतिको धारणा ४९
५.१.३ विषयगत अभ्यासको अवस्था ४९
५.२ निष्कर्ष ५०
५.३ सुझावहरु ५१
**सन्दर्भसामग्री**
**अनुसूचीहरु**
**फोटो**
**नक्सा**
**स्कूलको चिठ्ठी**

## तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका नं. ४.१ | विशिष्टिकरण गरेको विषय र अध्यापन गर्ने विषय | २१ |
| तालिका नं. ४.२ | शिक्षकहरुको शैक्षिक योग्यता र तालिमको अवस्था | २२ |
| तालिका नं. ४.३ | कार्यानुभव वर्षका आधारमा शिक्षकको अवस्था | २३ |
| तालिका नं. ४.४ | जातका आधारमा शिक्षकको अवस्था | २४ |
| तालिका नं. ४.५ | शिक्षकहरुको पेशागत आधारमा स्थायी/अस्थायीको अवस्था | २५ |
| तालिका नं. ४.६ | शिक्षकहरुको उमेरका आधारमा अवस्था | २५ |
| तालिका नं. ४.७ | विषयगत आधारमा शिक्षणप्रतिको धारणा | २७ |
| तालिका नं. ४.८ | शैक्षिक योग्यताका आधारमा शिक्षणप्रतिको धारणा | २७ |
| तालिका नं. ४.९ | तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २८ |
| तालिका नं. ४.१० | उमेरका आधारमा शिक्षणप्रतिको धारणा | २८ |
| तालिका नं. ४.११ | कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २९ |
| तालिका नं. ४.१२ | स्थायी र अस्थायी शिक्षकहरुको शिक्षणप्रतिको धारणा | ३० |
| तालिका नं. ४.१३ | जातका आधारमा शिक्षणप्रतिको धारणा | ३० |
| तालिका नं. ४.१४ | लिङ्गका आधारमा शिक्षणप्रतिको धारणा | ३१ |
| तालिका नं. ४.१५ | पाठयोजना निर्माणको स्थिति | ३२ |
| तालिका नं. ४.१६ | कक्षाकोठा व्यवस्थापनको स्थिति (अवस्था) | ३२ |
| तालिका नं. ४.१७ | पूर्वपाठको स्मरण | ३३ |
| तालिका नं. ४.१८ | शिक्षकले कक्षा शिक्षण गर्दा पाठको शुरुवात | ३४ |
| तालिका नं. ४.१९ | शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग | ३५ |
| तालिका नं. ४.२० | शिक्षण विधिको प्रयोग | ३५ |
| तालिका नं. ४.२१ | शिक्षक निर्देशिका प्रयोगको अवस्था | ३६ |
| तालिका नं. ४.२२ | कक्षा शिक्षणको अन्त्यमा गृहकार्य | ३७ |
| तालिका नं. ४.२३ | पाठयोजना निर्माणको स्थिति | ३८ |
| तालिका नं. ४.२४ | कक्षाकोठाको व्यवस्थापन | ३९ |
| तालिका नं. ४.२५ | पूर्वपाठको स्मरण | ४० |

| | | |
|---|---|---|
| तालिका नं. ४.२६ | शिक्षकले कक्षा शिक्षण गर्दा पाठको थालनी | ४० |
| तालिका नं. ४.२७ | विषयवस्तुको तयारी | ४१ |
| तालिका नं. ४.२८ | कक्षामा शिक्षण सामग्रीको प्रयोग | ४२ |
| तालिका नं. ४.२९ | कक्षामा शिक्षण विधिको प्रयोग | ४३ |
| तालिका नं. ४.३० | शिक्षक निर्देशिका प्रयोगको अवस्था | ४४ |
| तालिका नं. ४.३१ | विद्यार्थी मूल्याङ्कन गर्ने तरिका | ४५ |
| तालिका नं. ४.३२ | कक्षा शिक्षणका अन्त्यमा गृहकार्य | ४६ |